कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: १८
दर्ता मिति: २०८३।०५।३१

# सीप तथा रोजगार मेला सञ्चालन निर्देशिका,२०८३

**प्रस्तावना:** राष्ट्रव्यापी रुपमा रोजगारीको उत्तम एवम् अनुकूल वातावरण निर्माण गरी रोजगार खोजकर्ता तथा रोजगारदाताको माग र आवश्यकतामा आधारित भई तालिम, सीप विकास, सीप परीक्षण तथा प्रमाणीकरणमार्फत रोजगारीमा आबद्ध गर्न सीप तथा रोजगार मेला आयोजना र सञ्चालन गरी रोजगारीको हकलाई प्रत्याभूत गर्न आवश्यक भएकोले,

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ३२ बमोजिम मन्त्रालयले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सीप तथा रोजगार मेला सञ्चालन निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "मन्त्रालय" भन्नाले युवा, श्रम तथा रोजगार मन्त्रालय सम्झनुपर्छ।

(ख) "मेला" भन्नाले यस निर्देशिकाबमोजिम आयोजना तथा सञ्चालन हुने सीप तथा रोजगार मेला सम्झनुपर्छ।

(ग) "रोजगार खोजकर्ता" भन्नाले रोजगारी प्राप्त गर्न इच्छुक वा रोजगारीको खोजीमा रहेको व्यक्ति सम्झनुपर्छ।

(घ) "रोजगारदाता" भन्नाले प्रचलित कानूनबमोजिम श्रमिकलाई रोजगारी दिने व्यक्ति, उद्योग, प्रतिष्ठान, कम्पनी, संस्था वा निकाय सम्झनुपर्छ।

(ङ) "केन्द्र" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम स्थानीय रोजगार सेवा केन्द्रको रुपमा कार्य गर्न स्थापना भएको रोजगार, सीप तथा उद्यमशीलता केन्द्र सम्झनुपर्छ।

(च) "रोजगार मिलान" भन्नाले रोजगार खोजकर्ताको योग्यता, सीप, अनुभव, रुचि तथा रोजगारदाताको आवश्यकताबीच गरिने उपयुक्तता मिलान सम्झनुपर्छ।

(छ) "रोजगार प्रस्ताव" भन्नाले रोजगारदाताले छनोट भएको व्यक्तिलाई पद, पारिश्रमिक, कार्यस्थल तथा प्रमुख रोजगार सर्तसहित दिएको प्रस्ताव सम्झनुपर्छ।

२०८३/५/२१
मा. रामजी यादव
मन्त्री

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. **उद्देश्य**: यस निर्देशिकाको उद्देश्य देहायबमोजिम छन्:-

(क) सीप तथा रोजगार मेला सञ्चालन गरी राष्ट्रिय रोजगारीको अनुपम वातावरण निर्माण गर्दै रोजगार खोजकर्तालाई वास्तविक रोजगारदातासँग रोजगार मिलान गर्नु;

(ख) रोजगारदाताको वास्तविक माग तथा रिक्त पद पहिचान, संकलन, प्रमाणीकरण र अभिलेखीकरण गर्नु;

(ग) रोजगार खोजकर्ताको शिक्षा, सीप, तालिम, अनुभव, क्षमता तथा रोजगार प्राथमिकताको प्रोफाइल तयार गर्नु;

(घ) श्रम बजारमा माग भएका सीपको पहिचान, प्रशिक्षण, विकास, परीक्षण र प्रमाणीकरणमा सहजीकरण गर्नु;

(ङ) स्वरोजगार तथा उद्यमशीलतामा रुचि भएका व्यक्तिलाई सम्बन्धित विषयको तालिम, वित्तीय पहुँच तथा बजारसम्बन्धी सेवा र अवसरसँग जोड्नु र

(च) महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, आदिबासी जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, सीमान्तकृत, जेन्जी आन्दोलनमा भएका घाइते, शहिद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति लगायत लक्षित समूहको रोजगार पहुँच विस्तार गर्नु।

(छ) विभिन्न स्थानमा रोजगारमा आबद्ध भएका व्यक्तिहरुको एकमुष्ट विवरण तयार हुने गरी एकीकृत राष्ट्रिय रोजगार प्रणालीको विकास गर्नु।

४. **लागू हुने क्षेत्र**:

(१) यो निर्देशिका सरकारको नेतृत्व तथा समन्वयमा आयोजना तथा सञ्चालन हुने सीप तथा रोजगार मेलामा लागू हुनेछ।

(२) मन्त्रालयले प्रदेश सरकार, स्थानीय सरकार, विकास साझेदार निकाय, निजी क्षेत्र र अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्न लागू हुनेछ।

(३) रोजगार प्रवर्द्धन दशक (२०८३/८४ – २०९२/९३) का कार्यक्रमहरुको कार्यान्वयन गर्न सहयोग पुर्याउने कार्यमा लागू हुनेछ।

## परिच्छेद-२

## मन्त्रालयको जिम्मेवारी तथा समितिहरू

५. **मन्त्रालयको जिम्मेवारी**: मन्त्रालयले सीप तथा रोजगार मेला सञ्चालनका सम्बन्धमा देहायबमोजिमको जिम्मेवारी वहन गर्नेछः-

(क) सीप तथा रोजगार मेला आयोजना, सञ्चालन तथा समन्वयको प्रमुख नेतृत्व गर्ने;

(ख) कार्यक्रम, बजेट तथा कार्ययोजना स्वीकृत तथा कार्यान्वयन गर्ने;

मा. रामजी यादव
मन्त्री

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) प्रदेश सरकार, स्थानीय तह, रोजगारदाता, उद्योग/व्यवसाय क्षेत्र तथा अन्य सरोकारवालासँग समन्वय गर्ने;

(घ) स्थानीय तहसँग समन्वय गरी रोजगार, सीप तथा उद्यमशीलता केन्द्रलाई प्रभावकारी रुपमा परिचालन गर्ने;

(ङ) मेलाको विषयसम्बद्ध आवश्यक डिजिटल प्रणाली तथा ड्यासबोर्ड सञ्चालन तथा प्रचारप्रसार गर्ने;

(च) मेला सञ्चालनको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयार गर्ने;

(छ) सीप तथा रोजगार मेला आयोजना र सञ्चालनसम्बन्धी अन्य आवश्यक कार्य गर्ने गराउने।

(ज) सीप तथा रोजगार मेला सम्पन्न भएपछि सिर्जना भएको रोजगारीको एकीकृत विवरण तयार गर्ने।

## ६. निर्देशन तथा समन्वय समितिः

(१) मेला आयोजना तथा सञ्चालनका लागि देहायबमोजिमको एक निर्देशन तथा समन्वय समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री | - संयोजक |
| (ख) सचिव | - सदस्य |
| (ग) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | - सदस्य |
| (घ) सबै महाशाखा प्रमुखहरू | - सदस्य |
| (ङ) श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक | - सदस्य |
| (च) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक | - सदस्य |
| (छ) सम्बन्धित शाखा प्रमुख | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले मेलासँग सम्बन्धित क्षेत्र, निकाय, संस्था र सरोकारवालाबाट आवश्यकतानुसार सदस्यहरू तोक्न वा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले नीतिगत निर्णय; कार्यक्रम र बजेट व्यवस्थापन; अन्तरतह तथा निकायगत समन्वय र सहकार्य लगायतका अन्य कार्यहरू गर्न आवश्यक निर्देशन र समन्वय गर्न गराउन सक्नेछ।

## ७. कार्यान्वयन, समन्वय तथा सहजीकरण समितिः

(१) मेला आयोजना तथा सञ्चालनका लागि देहायबमोजिमको एक कार्यान्वयन, समन्वय तथा सहजीकरण समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख | - संयोजक |
| (ख) नेपाल उद्योग वाणिज्य महासंघ उपाध्यक्ष/रोजगारदाता परिषद् सभापति | - सदस्य |
| (ग) कार्यक्रम आयोजना हुने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) सम्बन्धित महाशाखाका शाखा प्रमुख (चार जना) | - सदस्य |
| (ङ) प्रदेश सरकारबाट तोकिएको प्रतिनिधि वा सम्पर्क व्यक्ति | - सदस्य |
| (च) सम्बन्धित शाखाको शाखा अधिकृत | - सदस्य सचिव |



मा. रामजी यादव
मन्त्री

(२) उपदफा (१) बमोजिमको समितिको संयोजकलाई अनुसूची -१ बमोजिम ढाँचामा सूचना, तथ्याङ्क तथा प्रतिवेदन उपसमितिको संयोजकले दैनिक रुपमा मेलाको अनुगमन गरी प्रतिवेदन गर्नेछ।

(३) समितिले दफा ६ बमोजिम गठित समितिको निर्णय र निर्देशनअनुरुप कार्यहरू गर्नेछ ।

(४) समितिले दफा ६ बमोजिम गठित समितिको निर्णय कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय र सहकार्यसम्बन्धी कार्य गर्नेछ।

(५) समितिअन्तर्गत रहने गरी मन्त्रालयले मेला आयोजना तथा सञ्चालनका सम्बन्धमा आवश्यकतानुसार देहायबमोजिमको उपसमिति गठन गरी कार्य विभाजन गर्न गराउन सक्नेछः-

(क) मेला स्थल व्यवस्थापन उपसमिति

(ख) कार्यक्रम सञ्चालन उपसमिति

(ग) आर्थिक व्यवस्थापन तथा स्रोत परिचालन उपसमिति

(घ) प्रचारप्रसार तथा प्रकाशन उपसमिति

(ङ) रोजगार मिलान तथा सिफारिस उपसमिति

(च) सूचना, तथ्याङ्क तथा प्रतिवेदन उपसमिति

(छ) रोजगारदाता समन्वय तथा परिचालन उपसमिति

(ज) तालिम सञ्चालन उपसमिति

(झ) स्वास्थ्य, सुरक्षा तथा आपतकालीन व्यवस्थापन उपसमिति

(ञ) गुनासो व्यवस्थापन उपसमिति

(ट) आवश्यकतानुसारका अन्य उपसमिति।

(६) उपदफा (५) बमोजिमको उपसमितिमा उपसचिव वा सो सरहको कर्मचारी संयोजक रहने गरी अन्य सदस्य आवश्यकतानुसार समितिले तोक्नेछ।

(७) उपदफा (५) बमोजिमको उपसमितिलाई मेला आयोजना तथा सञ्चालन पूर्व स्थलगत भ्रमणमा खटाई प्रतिवेदन माग गर्न सकिनेछ।

(८) उपदफा (५) बमोजिमको उपसमितिले आवश्यकतानुसार सम्बन्धित प्रदेश, स्थानीय तह वा उक्त तहबाट तोकिएको प्रतिनिधि र निजी क्षेत्रबाट तोकिएको प्रतिनिधिसँग समन्वय र सहकार्य गर्नेछ।

(९) उपदफा (५) बमोजिमका उपसमितिले अन्य सरोकारवालाहरूसँग समेत समन्वय गरी कार्यसम्पादन गर्नुपर्नेछ।

(१०) उपदफा (५) बमोजिमका उपसमितिमा आवश्यकतानुसार सरकारी, निजी, विकास साझेदार र गैसस लगायतका क्षेत्रको प्रतिनिधिलाई समेत सदस्यको रुपमा तोक्न वा बैठकमा आमन्त्रण गर्न वा मेला आयोजना र सञ्चालनमा विभिन्न जिम्मेवारी प्रदान गर्न सकिनेछ ।

मा. रामजी यादव
मन्त्री

## परिच्छेद-३

## प्रदेश सरकार तथा स्थानीय तहको भूमिका र फोकल पर्सनको जिम्मेवारी

८. **प्रदेश सरकारको भूमिकाः** मेला आयोजना हुने प्रदेशमा सम्बन्धित प्रदेश सरकारको श्रम तथा रोजगार विषय हेर्ने मन्त्रालयसँग औपचारिक समन्वय तथा सहकार्य गरिनेछ। प्रदेश सरकारले देहायबमोजिमको भूमिका निर्वाह गरी सीप तथा रोजगार मेलालाई सफल पार्न सहयोग गर्नेछः-

(क) मेला आयोजना र सञ्चालनमा बजेट तथा वित्तीय साझेदारी लगायत अन्य विषयमा सहकार्य र साझेदारी गर्न सक्ने;

(ख) प्रदेशमा रहेका रोजगारदाता, उद्योग, व्यवसाय तथा सरोकारवालालाई सहभागी गराउन सहजीकरण गर्ने;

(ग) सम्बन्धित स्थानीय तहसँग समन्वय गर्न सहयोग गर्ने;

(घ) स्थानीय प्रशासन, सुरक्षा, ट्राफिक, स्वास्थ्य, सरसफाइ तथा अन्य स्थानीय सेवासँग सम्बन्धित विषयमा सहजीकरण गर्ने;

(ङ) प्रदेशस्तरीय सूचना तथा प्रचारप्रसारमा सहयोग गर्ने;

(च) आवश्यकतानुसार सम्पर्क व्यक्ति तोक्ने,

(छ) मेलापश्चात् रोजगार मिलान तथा व्यवस्थापन मा सहकार्य गर्ने।

(ज) आवश्यकतानुसार अन्य कार्य गर्ने गराउने।

९. **प्रदेशको सम्पर्क व्यक्तिको जिम्मेवारीः** प्रदेश सरकारको सम्बन्धित विषय हेर्ने मन्त्रालयले आवश्यकताअनुसार एक जना सम्पर्क व्यक्ति तोक्न सक्नेछ। सम्पर्क व्यक्तिले देहायबमोजिमका कार्यसम्पादन गर्न गराउन आवश्यक जिम्मेवारी वहन गर्नेछः-

(क) मन्त्रालयसँग सूचना आदानप्रदान गर्ने;

(ख) प्रदेशस्तरीय समन्वयमा सहजीकरण गर्ने;

(ग) स्थानीय तहसँग समन्वयमा सहयोग गर्ने;

(घ) समस्या वा अवरोध भए मन्त्रालयको सम्बन्धित समितिलाई जानकारी गराउने;

(ङ) मेला सञ्चालनपूर्व, सञ्चालन अवस्था र सञ्चालनपश्चात् आवश्यक समन्वय र सहयोग गर्ने।

(च) आवश्यकतानुसार अन्य कार्य गर्ने।

१०. **स्थानीय तहको भूमिकाः** सम्बन्धित स्थानीय तहले देहायका कार्य र भूमिका निर्वाह गरी सीप तथा रोजगार मेलालाई सफल रुपमा सम्पन्न गर्न सहयोग गर्नेछः-

(क) मेला आयोजना र सञ्चालनमा बजेट तथा वित्तीय साझेदारी लगायत अन्य विषयमा सहकार्य र साझेदारी गर्न सक्ने;

(ख) रोजगार खोज्ने व्यक्तिको पहिचान तथा सूचना प्रवाहमा सहयोग गर्ने;

मा. रामजी यादव
मन्त्री

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) स्थानीय रोजगारदाताको पहिचान तथा परिचालनमा सहयोग गर्ने;

(घ) वडा तहसम्म सूचना पुऱ्याउने;

(ङ) स्थानीय श्रम बजारको मागसम्बन्धी सूचना उपलब्ध गराउने;

(च) आफू मातहतको केन्द्रलाई मेला-सम्बन्धी कार्यमा सहभागी हुन सहजीकरण गर्ने;

(छ) स्थानीय प्रशासनिक तथा व्यवस्थापकीय सहजीकरण गर्ने;

(ज) मेलापश्चात् स्थानीयस्तरमा अनुगमनमा सहयोग गर्ने;

(झ) अन्य आवश्यकतानुसारका कार्य गर्ने।

११. **स्थानीय तह सम्पर्क व्यक्तिको जिम्मेवारीः** सम्बन्धित स्थानीय तहले आवश्यकताअनुसार एक जना सम्पर्क व्यक्ति तोक्न सक्नेछ। सम्पर्क व्यक्तिले देहायबमोजिमका कार्यसम्पादन गर्न गराउन आवश्यक जिम्मेवारी वहन गर्नेछः-

(क) मन्त्रालय र सम्बन्धित प्रदेशसँग सूचना आदानप्रदान गर्ने;

(ख) मन्त्रालय र सम्बन्धित प्रदेशसँग समन्वय र सहजीकरण गर्ने;

(ग) मेला सञ्चालनपूर्व, सञ्चालन अवस्था र सञ्चालनपश्चात् आवश्यक समन्वय र सहयोग गर्ने।

(घ) आवश्यकतानुसार अन्य कार्य गर्ने गराउने।

१२. **प्रदेश सरकार र स्थानीय तहले सहयोग गर्नेः** मेला आयोजना तथा सञ्चालनमा प्रदेश सरकार र स्थानीय तहले देहायबमोजिमको विषयमा सहयोग गर्नु पर्नेछः-

(क) मेला स्थल,

(ख) स्थानीय प्रशासन,

(ग) सुरक्षा,

(घ) ट्राफिक,

(ङ) सरसफाइ,

(च) खानेपानी,

(छ) स्वास्थ्य/आपतकालीन समन्वय,

(ज) स्थानीय रोजगारदाता परिचालन,

(झ) मातहतको केन्द्रको जनशक्ति परिचालन,

(ञ) आवश्यकतानुसारका अन्य कार्य/विषय।

## परिच्छेद-४

## रिक्त पद व्यवस्थापन

१३. **रिक्त पदमा खुलाउनुपर्ने विवरणः** (१) रोजगारदाताबाट कम्तीमा देहायका विवरण लिनुपर्नेछः-

१. रोजगारदाताको नाम,



मा. रामजी यादव
मन्त्री

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. दर्ता/कानूनी पहिचान,

३. ठेगाना,

४. सम्पर्क व्यक्ति,

५. सम्पर्क नम्बर,

६. पद,

७. आवश्यक संख्या,

८. शैक्षिक योग्यता,

९. आवश्यक सीप,

१०. अनुभव,

११. पारिश्रमिक,

१२. सुविधा,

१३. कार्यस्थल,

१४. काम गर्ने समय,

१५. जागिर प्रारम्भ हुने मिति,

१६. अन्तर्वार्ता/छनोट गर्ने प्रतिनिधिको विवरण,

१७. अन्य आवश्यक विषय ।

(२) रोजगारदाताले उपलब्ध गराइएको रिक्त पद वास्तविक रहेको, मेलामा आवश्यक उम्मेदवारको अन्तर्वार्ता/छनोट गर्न अधिकारप्राप्त प्रतिनिधिको उपस्थिति गराइने तथा छनोट भएका उम्मेदवारलाई रोजगार सम्बन्धी जानकारी उपलब्ध गराई रोजगारीमा आबद्ध गराउने प्रतिबद्धतासहितको स्वघोषणा गर्ने व्यवस्था मिलाइनेछ।

१४. <u>रिक्त पदको प्रमाणीकरण:</u>

(१) रोजगार मिलान तथा सिफारिस उपसमितिले मेला आयोजना र सञ्चालनपूर्व रोजगारदाताबाट रिक्त पद अनलाइन प्रणालीमार्फत वा लिखित रुपमा माग एवम् प्राप्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम रोजगारदाताबाट प्राप्त रिक्त पदलाई उपसमितिले अध्ययन गरी प्रमाणित गरेपछि मात्र प्रमाणित रिक्त पदको रूपमा मन्त्रालयको सूचना प्रणालीमार्फत सार्वजनिक गरिनेछ।

(३) प्रमाणीकरण गर्दा वास्तविक रोजगारदाता, पदको आवश्यकता, आवश्यक संख्या, कार्यस्थल, पारिश्रमिक तथा प्रमुख रोजगार शर्त यथासम्भव पुष्टि गरिनेछ।

(४) अस्पष्ट, भ्रामक, नक्कली वा कानूनविपरीत रहेको रिक्त पद स्वतः रद्द हुनेछ।

(५) उपसमितिले रिक्त पदको प्रमाणीकरण गर्ने सम्बन्धमा अन्य आवश्यक कार्य गर्न गराउन सक्नेछ।

मा. रामजी यादव
मन्त्री

## परिच्छेद-५

## रोजगार खोज्ने व्यक्तिको दर्ता तथा प्रोफाइलिङ

१५. **दर्ता**: (१) रोजगार खोज्ने व्यक्तिलाई मन्त्रालयले तयार गरेको एकीकृत राष्ट्रिय रोजगार सूचना प्रणालीमार्फत आफ्नो दर्ता र प्रोफाइल तयार गर्न सक्नेछ।

तर उपदफा (१) बमोजिमको व्यवस्थाले मेलामा भौतिक रुपमा उपस्थित भएर दर्ता गर्न बाधा पुर्याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम गरिने दर्तामा कम्तीमा देहायका विषय र विवरण समावेश गरिनेछः-

(क) नाम

(ख) सम्पर्क

(ग) स्थायी/हालको स्थानीय तह तथा वडा

(घ) शैक्षिक योग्यता

(ङ) सीप

(च) तालिम

(छ) कार्यअनुभव

(ज) चाहेको रोजगारी

(झ) रोजगारीको प्राथमिक स्थान

(ञ) अपेक्षित पारिश्रमिक

(ट) काम सुरु गर्न सक्ने मिति

(ठ) अन्य आवश्यक विषय।

१६. **आवेदकको वर्गीकरण**: (१) आवदेकलाई देहायबमोजिम वर्गीकरण गरिनेछः-

(क) रोजगारका लागि तयारः तत्काल उपलब्ध रिक्त पदमा प्रतिस्पर्धा वा मिलान गराइने।

(ख) सीप परीक्षण/प्रमाणीकरण आवश्यकः सीप वा अनुभव भएको तर परीक्षण/प्रमाणीकरण आवश्यक पर्ने।

(ग) प्रशिक्षण आवश्यकः रोजगारका लागि आवश्यक सीप अभाव भएको।

(घ) उद्यमशीलता: स्वरोजगार वा उद्यम गर्न इच्छुक।

(ङ) करियर सहायता तथा परामर्श सेवा: आवश्यकता अनुसार व्यवस्था गरिने।

(च) आवश्यकतानुसार अन्य वर्गीकरण।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गरिएको रोजगार खोजकर्तालाई आवश्यकतानुसार प्रतिस्पर्धा वा रोजगार मिलान, सीप परीक्षण/प्रमाणीकरण, आवश्यकतानुसार तालिमको व्यवस्था, करियर सहायता वा परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

मा. रामजी यादव
मन्त्री

(३) उपदफा (२) बमोजिम आवेदकलाई आवश्यकतानुसार दिइने विभिन्न तालिमका पाठ्यक्रम, प्रशिक्षक तालिम अवधि, तालिम सामग्री लगायतका विषय मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

१७. <u>करियर सहायता तथा परामर्श सेवाः</u>

(१) मेलामा रोजगार खोजकर्तालाई आफ्नो योग्यता, सीप, अनुभव, रुचि तथा श्रम बजारको मागअनुसार उपयुक्त पेशा र रोजगारी छनोट गर्न सहयोग पुऱ्याउन एक करियर सहायता तथा परामर्श डेस्क स्थापना गरिनेछ।

(२) उक्त डेस्कबाट देहायका सेवा प्रदान गरिनेछः-

(क) व्यक्तिगत रोजगार तथा करियर परामर्श,

(ख) उपयुक्त पेशा तथा रिक्त पद पहिचान,

(ग) बायोडाटा तयार तथा सुधार गर्न सहयोग,

(घ) रोजगार आवेदन लेखन तथा पेश गर्ने तरिकासम्बन्धी सहायता,

(ङ) अन्तर्वार्ता तयारी, नमुना अन्तर्वार्ता तथा प्रस्तुतीकरण अभ्यास,

(च) रोजगार खोजी तथा करियर तयारीमा डिजिटल प्रविधि र कृत्रिम बुद्धिमत्ताको सुरक्षित प्रयोगसम्बन्धी सहायता,

(छ) आवश्यकताअनुसार सीप परीक्षण, तालिम, प्रमाणीकरण, रोजगार मिलान वा उद्यमशीलता सेवामा सिफारिस।

(३) डिजिटल साक्षरता न्यून भएका, अपाङ्गता भएका तथा अन्य लक्षित समूहका व्यक्तिलाई आवश्यक सहजीकरण र पहुँचयोग्य सेवा प्रदान गरिनेछ।

(४) प्रदान गरिएको सेवा र गरिएको सिफारिस अभिलेख गरिनेछ।

## परिच्छेद-६

## <u>अन्तर्वार्ता र छनोट</u>

१८. <u>अन्तर्वार्ता र छनोटः</u> (१) रोजगारदाताले आवश्यक ठानेमा योग्यता पुगेका सम्भाव्य उम्मेद्वारलाई रोजगारी दिन अन्तर्वार्ता र छनोटको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्तर्वार्ता र छनोट गर्ने कार्यका लागि रोजगार मिलान तथा सिफारिस उपसमितिले आवश्यक व्यवस्था र सहजीकरण गर्नेछ ।

(३) अन्तर्वार्ताबाट छनोट भएको व्यक्तिलाई रोजगारदाताले नियुक्तिपत्र, तलव, कार्यस्थान, कार्यअवधि रोजगारी शुरु हुने मितिसहितको रोजगारीको आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आवश्यक व्यवस्था भइसकेपछि रोजगारी प्राप्त भएको व्यक्तिको अभिलेख एकीकृत राष्ट्रिय रोजगार सूचना प्रणालीमार्फत सार्वजनिक गरिनेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रोजगारदाताले सीप र तालिम प्राप्त भएको उम्मेद्वारलाई अन्तर्वार्ता र छनोट बिना नै सोझै मेलाबाट नियुक्ति प्रदान गरी रोजगारी प्रदान गर्न बाधा पुर्याएको मानिने छैन ।

मा. रामजी यादव
मन्त्री

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिच्छेद-७

विविध

१९. **जनशक्ति तथा बजेट व्यवस्थाः** (१) मेला सञ्चालनका लागि तीन तहको सरकारी निकायबाट परिचालित हुने जनशक्तिको अतिरिक्त आवश्यक पर्ने थप जनशक्तिको लागि सम्बन्धित निकायले स्वयम्सेवक परिचालनको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) मेला सञ्चालनका लागि स्वीकृत भएको बजेट मन्त्रालयले स्वीकृत गरेको कार्यक्रमहरुमा खर्च गर्न सकिनेछ। सम्बन्धित प्रदेश सरकार र स्थानीय तहले मेला व्यवस्थापनमा थप सहयोग गर्न सक्नेछन्।

(३) निजी क्षेत्र, विकास साझेदार र गैरसरकार संस्थाले मेलामा आफ्नो स्वीकृत बजेट र कार्यक्रमको अधीनमा रही मेला सञ्चालनमा बजेट खर्च र स्रोत परिचालन गर्न सक्नेछन्।

(४) उपदफा (२) र (३) बमोजिम मेलामा बजेट खर्च र स्रोत परिचालन गर्ने निकाय, क्षेत्र वा संस्थाले त्यस्तो खर्च र स्रोत परिचालनको लेखा, लेखा परीक्षण र समग्र वित्तीय उत्तरदायित्व स्वयमले वहन गर्नेछ ।

२०. **प्रणाली विकास तथा अन्तरआबद्धताः** यस निर्देशिकामा उल्लेख भएका विषयहरूलाई सम्बोधन गर्न मन्त्रालयले एकीकृत राष्ट्रिय रोजगार सूचना प्रणालीको विकास वा मौजुदा प्रणालीमा सुधार गरी अन्य प्रणालीसँग अन्तरआबद्धता गरी एकीकृत विवरणहरु प्राप्त गर्ने व्यवस्था गर्न सक्नेछ।

२१. **मेला स्थान र अवधिः** मेला आयोजना र सञ्चालन हुने स्थान र अवधिको सम्बन्धमा मन्त्रालयले आश्यकता हेरी निर्धारण गर्नेछ।

२२. **बाधा अड्काउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले सो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ।

२३. **संशोधनः** यस निर्देशिकालाई आवश्यकतानुसार मन्त्रालयले संशोधन तथा अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

मा. रामजी यादव
मन्त्री

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## दैनिक अनुगमन तथा प्रतिवेदन

| क.सं. | सूचक |
|---|---|
| १. | दर्ता भएका उम्मेदवार संख्या |
| २. | सहभागी रोजगारदाता संख्या |
| ३. | प्रमाणित रिक्त पद संख्या |
| ४. | अन्तर्वार्ता भएका संख्या |
| ५. | छनोट संख्या |
| ६. | रोजगार माग संख्या |
| ७. | तालिममा सहभागिता संख्या |
| ८. | प्राप्त गुनासो र समाधान स्थिति |
| ९. | सुरक्षा/स्वास्थ्य सम्बन्धी घटना |
| १०. | अन्य आवश्यक विषय । |

मा. रामजी यादव
मन्त्री